सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार)११ सितम्बर,२०२० | अङ्क २४

## उच्च शिक्षामा परिवर्तन ल्याउन एनईपी प्रभावकारी ढङ्गमा लागू गरिनुपर्छः राज्यपाल




८ सितम्बरः देशमा उच्च शिक्षामा परिवर्तन ल्याउन नयाँ राष्ट्रिय शिक्षा नीति (एनईपी)–लाई प्रभावकारी ढंगमा लागू गर्नुपर्ने कुरामा राज्यपाल गंङ्गा प्रसादले जोड दिनुभयो।

उहाँले देशको शिक्षा क्षेत्रमा व्यापक सुधार र परिवर्तन ल्याउन नयाँ शिक्षा नीतिलाई अति प्रभावकारी ढंगमा कार्यान्वयन गर्नुपर्ने सुझाउ दिनुभयो। सिक्किम सरकार नयाँ शिक्षा नीति २०२० लागू गर्न तत्पर रहेको बताउँनुभयो।

यस नीतिको कार्यन्वयनले सिक्किमको भविष्य र राष्ट्रको लागि महत्वपूर्ण भूमिका निर्वहन हुने कुरो निश्चित रहेको बताउनुभयो। राज्यपालले उच्च शिक्षामा परिवर्तन गर्नमा नयाँ शिक्षा नीति २०२० को भूमिकामाथि राज्यपालहरूको एउटा भीडियो सम्मेलनलाई सम्बोधन गर्नुहुँदै उक्त मन्तव्य राख्नुभयो।

देशका राष्ट्रपति रामनाथ कोविन्दको अध्यक्षतामा सम्पन्न भीडियो कन्फ्रेन्सिङमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रिय शिक्षा मन्त्री रमेश पोख्रेल, देशका विभिन्न राज्य साथै केन्द्रशासित राज्यहरूका राज्यपालहरू, राज्यहरूका लेफ्टिनेन्ट गर्वनरहरू,राज्यका शिक्षा मन्त्रीहरू, न्यू एडुकेशन पोलिसी ड्राफटिङ, कमिटीका अध्यक्षहरू उपकुलपतिहरू राज्य सरकारका अधिनस्थ विभिन्न विभागीय उच्च पदस्थ अधिकारीहरूले पनि अंशग्रहण गरेको थिए। यस अवसरमा राज्यपाल प्रसादले देशमा नयाँ शिक्षा नीति लागू गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिनुभयो। ३४ वर्षपछि यसरी देशको पुरानो शिक्षा नीतिमा परिवर्तन गरिएको उहाँले बताउनुभयो।

यसरी नै उहाँले केन्द्र सरकारलाई देशको शिक्षा क्षेत्रको विकासमा पूर्वाधारहरूको विकास गर्न सहयोग पुऱ्याइदिने आह्वान गर्नुभयो। यो भीडियो सम्मेलनमा विभागीय सचिव जीपी उपाध्याय, सिक्किम मनिपाल यूनिर्भसिटीका उपकुलपति, राजभवनका अतिरिक्त सचिव बी.के लामा लगायत विभागीय उच्च पदस्थ अधिकारीहरूले पनि अंशग्रहण गरेका थिए।

## राष्ट्रिय शिक्षा नीतिले देश निर्माणमा ठूलो भूमिका खेल्नेछः राज्यपाल



हालै राज्यपाल गङ्गा प्रसादद्वारा राजभवनमा ‘उच्च शिक्षामा परिवर्तन ल्याउँन राष्ट्रिय शिक्षा नीति २०२०’-को भूमिका–माथि आयोजित सम्मेलनको अध्यक्षता गर्नुभयो। बैठकमा राज्यका शिक्षामन्त्री कुङ्गा निमा लेप्चा, शिक्षा विभागका अतिरिक्त मुख्य सचिव जीपी उपाध्याय, सिक्किम केन्द्रिय विश्वविद्यालय(एसयु),सिक्किम राज्य विश्वविद्यालय(एसएसयु) सिक्किम मणिपाल विश्वविद्यालय (एसएमयु)एआरएम विश्वविद्यालयका उपकुलपति र राजभवनका अतिरिक्त सचिव बी.के लामाको उपस्थिति रहेको थियो। सम्मेलन आयोजन गरिनुका मुख्य उद्देश्य राज्यमा नयाँ राष्ट्रिय शिक्षा नीति (एनईपी) २०२०–कार्यान्वयनलाई लिएर राज्य सरकार र शैक्षिक संस्थानका कार्यक्रम र सुझाउहरूमाथि छलफल गर्नु रहेको थियो।

सम्मेलनलाई सम्बोधन गर्नुहुँदै राज्यपालले भन्नुभयो, शिक्षा क्षेत्रमा नयाँ राष्ट्रिय शिक्षा नीति ऐतिहासिक सुधार हल पृष्ठ ३ मा...

## कर्फेकटारमा क्यान्सर अस्पताल निर्माण सम्बन्धमा मुख्यमन्त्रीको भिडियो सम्मेलन




गान्तोक।

८ सितम्बरः जीसी ग्रुप अफ कम्पनीद्वारा दक्षिण सिक्किमको कर्फेक्टारमा स्टेट अफ् द आर्ट क्यान्सर इस्टिट्युट स्थापना गरिने सम्बन्धमा आयोजित एउटा भीडियो सम्मेलनमा राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङले अंशग्रहण गर्नुभयो। राज्य सरकारले उक्त योजनाको प्रस्तावित क्षेत्रमा जमीन लगायत अन्य सरसामग्री तथा पूर्वाधारहरू, विद्युत अनि जलापूर्तिका काममा सहयोग पुऱ्याउने आश्वासन मुख्यमन्त्रीले दिनुभयो।

स्टेट अफ् द आर्ट क्यान्सर इस्टिट्युट स्थापनामा कम्पनीले कुल १५ सय करोड़ निवास गर्ने बताइएको छ, जहाँ क्यान्सर अस्पताल निर्माण गरिनेछ अनि भारतकै लागि यो एउटा वृहत अस्पताल हुनेछ। यसको लागत खर्च कम्पनीले नै व्योहोर्ने छ। यस स्थानमा ५ सय

रहल पृष्ठ २ मा....

## मुख्यमन्त्री र केन्द्रिय जलशक्ति मन्त्रीमाझ बैठक




मुख्यमन्त्री प्रेमसिंह तामाङले गत ७ सेप्टेम्बर २०२०–को दिन भिडियो कन्फ्रेन्सीङको माध्यमबाट केन्द्रिय जलशक्ति मन्त्रीसित बैठक गर्नुभयो। टाशीलिङ सचिवालयमा सम्पन्न भिडियो कन्फ्रेन्सीङमा ग्रामीण विकास विभाग मन्त्री सोनाम लामा, विभागीय अधिकारी तथा जनस्वास्थ्य विभागका अधिकारीहरुको पनि उपस्थिति रहेको थियो। बैठकमा मन्त्रालयको पक्षबाट जलशक्ति विभागका सचिव यु.पी.सिंह, जल जीवन मिशन निदेशक तथा अन्य अधिकारीहरुको उपस्थिति रहेको थियो। उक्त बैठकको अवसरमा केन्द्रिय मन्त्रीले राज्यमा जल जीवन मिशन द्रूत गतिमा चलाएर भारत सरकारको दिशानिर्देश अनुसार २०२२ को निर्धारित समयावधिमा पूरा गर्ने वचन दिनुभयो। बैठकमा राज्यमा मिशनको सञ्चालन तथा प्रगतिबारे समयमै जायजा लिएकोमा मुख्यमन्त्री प्रेमसिंह तामाङले केन्द्रिय मन्त्री र जलशक्ति विभागका अधिकारीहरुप्रति आभार व्यक्त गर्नुहुँदै मिशनलाई पूर्ण रुपमा सफल बनाउन सहयोग पुऱ्याउने वचन दिनुभयो।

# राष्ट्रिय पोषण माहको शुभारम्भ




गत ७ सेप्टेम्बर २०२०–को दिन गान्तोकस्थित सामाजिक न्याय तथा कल्याण विभागको सम्मेलन कक्षमाा राष्ट्रिय पोषण माहको शुभारम्भ कार्यक्रम सम्पन्न भयो। सूचना तथा जनसम्पर्क विभागकी सचिवा सुश्री नम्रता थापाको मुख्य आतिथ्यमा सम्पन्न शुभारम्भ कार्यक्रममा सामाजिक न्याय एवं कल्याण विभाग, आइसीडीएसका प्रमुख निर्देशक श्री फुचुंग भूटिया, स्वास्थ्य विभागका संयुक्त निर्देशक डा. अनीता भूटियालगायत सामाजिक न्याय तथा कल्याण विभागका अधिकारी र कर्मचारीहरुको उपस्थिति रहेको थियो। विशेष गरी बाल बालिका अनि महिलाहरुमा

*रहल पृष्ठ ३ मा....*

# गेजिङमा जिल्लास्तरीय राष्ट्रिय पोषण माह आरम्भ




राष्ट्रिय पोषण माहको शुभारंभ ७ सेप्टेम्बरको दिन पश्चिम सिक्किमको ग्रामीण प्रबन्धन विकास विभागको सम्मेलन भवनमा सम्पन्न भयो। उक्त अवसरमा पश्चिम जिल्लाका जिल्लापाल श्री कर्मा.आर.बोन्पो मुख्य अतिथिको रुपमा उपस्थित रहनुभएको थियो। उक्त कार्यक्रममा अतिरिक्त जिल्लापाल श्री कुमार गुरुङ, शिक्षा विभागका उपनिदेशक श्री जेपी छत्री, श्रीमती बिन्द्या सुबेदी, जिल्ला स्वास्थ्य अधिकारी, सीडीपीओ, पश्चिम सिक्किम, सहायक एभियन्ता पीएचई, शिक्षा विभागका उपनिदेशक एवं पोषणका नोडलअधिकारी स्वस्थ भारत प्रेक्षक, सुपरवाइजर र आँगनवाडी कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

विशेष गरी बाल बालिका अनि महिलाहरुमा स्वास्थ्य र पोषण सुनिश्चित गर्नका साथै कुपोषणमुक्त भारतको निम्ति परिलक्षित उद्देश्यलाई सफल पार्न जनसहभागितालाई प्रोत्साहन गर्ने उद्देश्य लिएर उक्त कार्यक्रम आयोजना थियो। राष्ट्रिय पोषण माह सेप्टेम्बर २०२० को महिनाभरी विविध कार्यक्रमसित आयोजना गरिन्छ। यस वर्षको राष्ट्रिय पोषण माहको शीर्षक हर घर पोषण व्यावाहार रहेको छ।

उक्त अवसरमा पश्चिम जिल्लाका जिल्लापाल कर्मा.आर.बानपोले यस योजनाको मुख्य पक्षबारे प्रकाश पार्नुहुँदै भारत सरकारको निर्देशनमा यस योजनालाई पूर्ण रुपमा पालना गर्ने कुरा बताउँनुभयो। उहाँले कुपोषणमुक्त भारतको लक्ष्य प्राप्तको निम्ति बालबालिका अनि महिलाहरुमा पौष्टिक अनि स्वास्थ्य सुनिश्चित गर्नुपर्ने कुरामाथि जोड दिनुहुँदै कुपोषण उन्मूलनको निम्ति जैविक खेतिलाई अझ बढावा दिनुपर्ने कुरामा जोड दिनुभयो।

उहाँले जिल्लालाई कुपोषणमुक्त बनाउनको निम्ति प्रशासनको तर्फबाट सबैप्रकारको सहयोग गर्न आश्वासन पनि दिनुभयो। उहाँले आँगनवाडी कार्यकर्ताहरु समाजको पथ प्रदर्शक रहेको हुनाले उनीहरुलाई भक्तिभावको साथमा सेवा निष्पादन गर्ने सुझाउ पनि दिनुभयो।यसका साथै उहाँले आँगनवाडी कार्यकर्ताहरुलाई मानिसहरुमा पोष्टिक अनि स्वास्थ्यको महत्वबारे जागृत गराउँने अनि कुपोषणमुक्त भारत निर्माणको निम्ति जनसहभागितालाई प्रोत्साहन गर्ने सुझाउ पनि दिनुभयो।

मानिसको जीवनमा स्वास्थ्य नै सबैभन्दा महत्वपूरक हो भन्ने सन्देश फिंजाउँदै नानीहरुको निम्ति रोल मोडल बन्नुपर्ने कुरा पनि बताउँनुभयो।

आँगनवाडी केन्द्रहरुबाट नै नानीहरुले धैरै कुरा सिक्न सकिने र उनीहरुको आत्मविश्वास पनि यहीँबाट नै विकसित भएर जाने हुनाले प्रत्येक आँगनवाडी कार्यकर्ता ती नानीहरुसमक्ष उदाहरणको रुपमा प्रस्तुत हुनुपर्ने कुरा बताउँनुभयो। नानीहरुले यसै केन्द्रबाट प्राप्त ज्ञान अनि आत्मविश्वासले भविष्यमा समाज अनि देशलाई नेतृत्व गर्न सकिनेछ भनी जिल्लापालले बताउँनुभयो।

जिल्लापालले सबै सरोकरवालाहरुलाई पनि यी केन्द्रको विकास अनि उत्थानमा सहयोग पुऱ्याउने स्वेच्छाले काम गर्ने सुझाउ दिनुभयो।

# मगनमा पोषण माहको शुभारम्भ




राज्यका विभिन्न स्थानहरुमा १ देखि ३० सेप्टेम्बरसम्म राष्ट्रिय पोषण माह कार्यक्रम आयोजना गरिरहेको छ। यसै सिलसिलाबद्ध कार्यक्रमलाई अघि बढाउँदै उत्तर जिल्लास्थित मगनमा पनि ८ सेप्टेम्बरको दिन रोष्ट्रिय पोषण माहको शुभारम्भ गरियो।

कार्यक्रममा सिङ्गीक सेन्ताम जीपीयूका पञ्चायतहरु अनि जनसाधारणलाई पोषणमुक्त भारत लक्ष्यप्राप्त साथै ग्रामस्तरमा नानीहरुको पोष्टिक सुनिश्चित गर्नको निम्ति पञ्चायतहरुको भूमिकाबारे अवगत गराइयो। कार्यक्रममा जीपीयूलाई कुपोषणमुक्त बनाउनका लागि विभिन्न विषयहरुमा खुला छलफल पनि आयोजना गर्यो। उनीहरुलाई विभिन्न महिला केन्द्रित योजनाहरु बारे अवगत गराउँदै महिला शक्ति केन्द्र योजनाले कसरी महिलाहरुलाई सुविधा प्राप्त गराउँन सक्छ भन्ने कुराबारे अवगत गराइयो।

उक्त कार्यक्रमअन्तर्गत महिला सभा पनि आयोजना गरियो। उक्त सभामा नवजात शिशुलाई पहिलो १०० दिनको महत्त्व, केएमसी, स्तनपान, पूरक आहार, व्यक्तिगत स्वच्छता र विभिन्न महिला केन्द्रित योजनाहरुको समयमै परिचय, ग्रामीणस्तरमा बिभिन्न कार्यवाहकहरुले उपलब्ध गराउने नानीहरुको निम्ति विकासका अवसरहरू, गम्भीर तीव्र कुपोषण (ड–च्) र मध्यम तीव्र कुपोषणबारे विस्तृत रुपमा छलफल गरियो। यसका साथै सभामा ग्राम स्तरमा गम्भीर कुपोषित नानीहरुको पहिचान गर्नको निम्ति पंचायतहरूले एउटा समिति गठन गर्ने, प्रत्येक घरमा न्यूट्री गार्डनको विकास गर्नुपर्ने, र यस कार्यको निम्ति महिला समूह गठन गर्ने निर्णय लिइयो। उक्त सभामा काजोरमा गम्भीर रुपमा कुपोषित नानीहरु कसरी पहिचान गर्नेबारे छलफल गर्नका साथै ती नानीहरुको पहिचानको निम्ति संयुक्त भ्रमण गर्नुपर्ने निर्णय पनि लिइयो।

# सोरेङमा राष्ट्रिय पोषण माह शुरू

८ सेप्टेम्बर , भारतलाई कुपोषणमुक्त बनाउने उद्देश्यसित राष्ट्रिय पोषण माह कार्यक्रम राज्यका विभिन्न ठाउँहरुमा आयोजना गरीरहेका छन्। यसरी नै पश्चिम जिल्लाको सोरेङमा पनि राष्ट्रिय पोषण माह कार्यक्रम सम्पन्न भयो।

सोरेङ महकुमा कार्यालयको सम्मेलन कक्षामा आयोजित कार्यक्रममा महकुमा अधिकारी रञ्जन राई, अतिरिक्त जिल्लापाल (विकास) गायस पेगा, सामाजिक न्याय एवं कल्याण विभागकी सीडीपीओ गोरी तामाङ, आयुषकी मेडिकल अफिसर रेशनी थापा, आरओएडी बीबी राई, विभागीय कर्मचारीगण आईसीडीएस सुपरभाइजर विभिन्न आईसीडीएस केन्द्कमा प्रतिनिधिहरूको उपस्थिति थियो। कार्यक्रममा महकुमा अधिकारी रञ्जन राईले प्रथमत– सबैलाई कुपोषणमुक्त भारत बनाउन साथै महिला, बालबालिकामा पोषण सुनिश्चित गर्न सबैले भूमिका निर्वाह गर्नुपर्ने विषयमा जोड दिनुभयो। कार्यक्रमको औचित्य सम्बन्धी सीडीपीओ गौरी तामाङले प्रकाश पार्नुभयो।

महकुमा कार्यालयबाट महकुमा स्तरमा शुरूआत गरिएको महिनाव्यापी कार्यक्रम अब देखि फिल्डस्तरमा सम्बन्धित विभागले जनजागरणसहित कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने बताइएको छ।

उल्लेखनीय छ, राष्ट्रिय पोषण माह १ सेप्टेम्बरदेखि महिनाव्यापी रूपमा पालन भइरहेको छ भने यस वर्षको नारा – कुपोषणमुक्त भारततर्फ एक हौ, रहेको छ।

## कर्फेक्टारमा..

पलङयुक्त क्यान्सर अस्पताल निर्माण गरिने प्रस्ताव छ, जसमा विश्वस्तरको १० वटा सुपर स्पेसियलिटी डिपार्टमेन्ट लगायत कार्यालयका कक्षहरू,आवसीय कक्षाहरू लगायत अन्य सुविधाहरू पनि उपलब्ध गरिनेछन्। कम्पनीले अघिबाटै उक्त स्थापना प्रस्तावित क्यान्सर अस्पताल निर्माणका लागि क्षेत्रको निरीक्षण भ्रमण गरिसकेको छ अनि यसका लागि सर्वेक्षणको कार्य पूरा गरिएको छ। यो क्यान्सर अस्पताल पूर्वोत्तर राज्यहरू, पश्चिम बंगाल लगायत छिमेकी राष्ट्रहरू क्रमशः नेपाल भोटाङकाहरूलाई स्वास्थ्य सुविधा उपलब्ध हुनेछ भने यसबाट राज्यमा अन्तरराष्ट्रिय चिकित्सा पर्यटनको विकास गर्नमा पनि मदत पुग्ने मुख्यमन्त्रीले बताउनुभयो।

उक्त प्रस्तावित योजनालाई कार्यरूप दिन कम्पनीका पदाधिकारीहरू साथै योजना विस्तारकहरूलाई चाँडै नै सिक्किम राज्यको भ्रमणमा आउन आमन्त्रित गरिएको जानकारी मुख्यमन्त्री दिनुभयो।

# नाम्चीमा जिल्लास्तरीय राष्ट्रिय पोषण माह शुरु




गत ७ सेप्टेम्बर–को दिन दक्षिण जिल्लास्थित जिल्ला प्रशासनिक केन्द्रमा दक्षिण जिल्लाका लागि पोषण अभियान योजनाअन्तर्गत जिल्लास्तरीय राष्ट्र पोषण माह शुभारम्भ गरियो।

सामाजिक न्याय तथा कल्याण विभाग(आइसीडीएस)द्वारा आयोजित कार्यक्रममा महकुमा अधिकारी (मुख्यालय) चिरण रिजाल मुख्य अतिथिको रुपमा उपस्थित रहनुभएको थियो भने नाम्चीका सीडीपो लक्ष्मण तामाङ, पोषण निरीक्षक सोफिया लेप्चा, आईसीडीएसका पर्यावेक्षक, आँगनवाडीका कार्यकर्ता र सम्बन्धित विभागका अधिकारी अनि कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महकुमा अधिकारी श्री चिरन रिजालले पोषण अभियानको उद्देश्यहरु प्राप्त गर्न आँगनवाडी कर्मचारीहरुलाई सामूहिक रुपमा काम गर्दै पोषण आहारको सन्देश जनतासमक्ष पुऱ्याउँने आग्रह गर्नुभयो।

उहाँले स्तनपान गराउने आमाहरुको लागि पौष्टिक आहारको महत्वमाथि जोड दिनुहुँदै शिशुको उचित मानसिक र शारीरिक विकासको लागि यो महत्वपूर्ण समय रहेको बताउँनुभयो। कार्यक्रममा नाम्चीका सीडीपीओ लक्ष्मण तामाङले पोषण माहको महत्व र उद्देश्यमाथि प्रकाश पार्नुहुँदै सेप्टेम्बर महिनामा राष्ट्रिय पोषण माहको रुपमा मनाउने निर्णयमाथि प्रकाश पार्नुभयो। उहाँले कुपोषणमुक्त भारत निर्माणको निम्ति सबैले मिलेर काम गर्नुपर्ने सुझाउ राख्नुभयो।

यसका साथै उहाँले आईसीडीएस पर्यवेक्षकहरुलाई केन्द्रका खाली ठाउँहरुमा फल र तरकारीहरु उत्पादन गर्ने सुझाउ पनि राख्नुभयो। कार्यक्रमा यो वर्ष शिक्षा विभागसँगको संयुक्त तत्वधानमा निबन्ध, चित्रकला प्रतियोगिताहरु आयोजना गरिने जानकारी पनि गराइयो।

### राष्ट्रिय पोषण माहको....

स्वास्थ्य र पोषण सुनिश्चित गर्नका साथै कुपोषणमुक्त भारतको निम्ति परिलक्षित उद्देश्यलाई सफल पार्न जनसहभागितालाई प्रोत्साहन गर्ने उद्देश्य लिएर उक्त कार्यक्रम आयोजना गरिएको थियो।

राष्ट्रिय पोषण माह (समग्र पोषणको निम्ति प्रधानमन्त्री अतिव्यापी योजना) सेप्टेम्बर २०२० को महिनाभरी नै राज्यभरी मनाईरहेको छ।

मुख्य अतिथिको रुपमा उपस्थित सूचना एवं जनसम्पर्क विभागकी सचिव सुश्री नम्रता थापाले स्वास्थ्य नै जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो र स्वास्थ्य जीवनको निम्ति हामीले खानपानलाई बढी महत्वपूर्ण दिनुपर्छ भन्नुभयो। उहाँले विभिन्न आयु वर्गका महिलाहरुको निम्ति पोषण (विभिन्न पोषण) अत्यन्त महत्त्वपूर्ण छ भन्नुभयो। यसै क्रममा उहाँले विद्यार्थीहरूलाई उनीहरूमा भएको सम्भाव्यतालाई फस्टाउनमा पोषणले खेलेको महत्त्वपूर्ण भूमिकाबारे पनि प्रकाश पार्नुभयो। सचिवा सुश्री नम्रता थापाले सरकारले प्रत्येक जिल्लामा किचन गार्डन शुरुवात गर्न विभिन्न कार्यक्रम र गतिविधिहरू शुरु गरेको अवगत गराउँनुहुँदै विशेष गरी महिला र बालबालिकाको प्रतिरक्षा बढाउन पौष्टिक तरकारीको उत्पादनलाई बढावा दिनुपर्ने कुरामा जोड दिनुभयो।

उहाँले सूचना एवं जनसम्पर्क विभागले डिजिटल, प्रिन्ट र इलेक्ट्रोनिक जस्ता विभिन्न प्लेटफर्मको माध्यमबाट अभियानको महत्त्व सम्बन्धी सूचना फैलाउने र जनतालाई सचेत गराउने काममा पूर्ण सहयोग पुर्याउने आश्वासन दिनुभयो। उहाँले राज्यको स्वास्थ्य सूचकाङ्क वृद्धि गर्नको निम्ति प्रत्येक घरहरुमा उक्त योजना पुग्नुपर्ने कुरामा जोड दिनुहुँदै यो योजनालाई सफल बनाउन पुरुष सदस्यको व्यापक सहभागिता अनिवार्य रहेको बताउँनुभयो। उहाँले राज्य र देशलाई कुपोषणमुक्त (कुपोषणमुक्त भारत) बनाउनको लागि सबै सरोकारवालाहरुलाई यस महान कामका लागि सामूहिक रुपमा काम गर्ने प्रोत्साहन पनि गर्नुभयो। उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सामाजिक न्याय एवं कल्याण विभागअन्तर्गत आईसीडीएसका प्रमुख निर्देशक श्री फुचुंग भूटियाले पोषण अभियानको उद्देश्य साथै पोषण माह कार्यक्रम कार्यन्वयनको निम्ति विभागद्वारा गरिएको पहलहरुमाथि प्रकाश पार्नुभयो। उहाँले यस अभियानको सफलताका लागि अन्तरविभागीय अभिसरण गर्नुपर्ने सुझाउ राख्नुभयो।

उहाँले पोषण अभियानका चारवटा स्तम्भहरूमाथि प्रकाश पार्नुभयो जसमा राम्रो सेवा वितरणको लागि अन्तर–क्षेत्रीय अभिसरण, महिला र बालबालिकाको वास्तविक समय वृद्धि अनुगमन र ट्र्याकिंगको लागि प्रविधि (आईसीटी) को उपयोग, पहिलो १०० दिनका लागि तीव्र स्वास्थ्य र पोषण सेवाहरू समावेश थिए।

उहाँले ऋणमूलस्तरसम्म विभिन्न कार्ययोजनाको अभिसरण र गहन अनुगमनमा उक्त योजना कार्यन्वयन आधारित हुनेछ भन्नुहुँदै उक्त अभियानले बाल बालिकाहरु, महिला र किशोर किशोरीहरुमा कुपोषण र रक्ताल्पताको समस्याहरु लगायत अन्य समस्याहरु सम्बोधन गर्ने लक्ष्य राखेको बताउँनुभयो। उक्त कार्यक्रममा संयुक्त निर्देशक, स्वास्थ्य विभाग डा. अनीता भूटियाले आफ्नो प्रस्तुतिमा गम्भीर तीव्र कुपोषण (एसएएम) माथि प्रकाश पार्नुभयो। उहाँले राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणको संक्षिप्त रिपोर्ट प्रस्तुत गर्नुहुँदै महिला र बालबालिकाहरुलाई आधारित जनसंख्या, स्वास्थ्य र पोषणको बारेमा गरिएको अध्ययन रिपोर्ट प्रस्तुत गर्नुभयो। उक्त अवसरमा आइसीडीएसका मुख्य उद्देश्य विस्तार गर्नको निम्ति मुख्य अतिथि अनि अन्य अतिथिहरुद्वारा सफ्टवेयरको शुभारम्भ पनि गरियो। यस अघि कुशोषणमुक्त भारत बनाउनको निम्ति मुख्य अतिथिद्वारा उपस्थित सबैलाई शपथ पनि दिलाउनुभएको थियो।

कार्यक्रम पश्चात पोषण अभियानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तत्त्वहरूलाई उजागर गर्न र मूल्यवान जानकारी प्रचार प्रसार गर्नको निम्ति पत्रकार सम्मेलन पनि डाकिएको थियो। गम्भीर तीव्र कुपोषण भएका बच्चाहरूको पहिचान र ट्र्याकिंग जस्ता प्रमुख गतिविधिहरू, आईसीडीएस केन्द्रहरूमा भान्छा बगैंचाको अथवा किचन गार्डनको प्रवर्द्धनको लागि वृक्षारोपण अभियान, बाल पोषण र डिजिटल पोषणबारे प्रकाश पारियो। यो महिनाव्यापी लामो कार्यक्रममा विभिन्न गतिविधिका कार्यक्रमहरू सञ्चालन गरिने जसमा स्कूल र कलेजका विद्यार्थीहरूका लागि चित्रकला र निबन्ध लेखन जस्ता अनलाइन प्रतियोगिताहरू पनि समावेश रहने जानकारी गराइयो।।

# संस्कृति विभागमा अध्यक्ष,चियरपर्सन र चियरमेनद्वारा पदभार ग्रहण

८ अगस्तःहालै सिक्किम सरकारको संस्कृति विभागमा सल्लाहकारको रूपमा नियुक्त श्रीमती भीमकुमारी शर्माले आफ्नो कार्यभार सम्हाल्नुभएको छ। यस्तै प्रकारले क्रमैले सिक्किम सङ्गीत, नाटक, नृत्य तथा चलचित्र बोर्ड र सिक्किम संस्कृति, धरोहर र सामुदियिक सद्भावना बोर्डका चियरपर्सन र चियरमेनका रूपमा नियुक्त पूजा शर्मा र सोनाम शेर्पाले पनि मनन केन्द्रस्थित आफ्नो कार्यलयमा पुगेर कार्यभार सम्हाल्नुभयो। उहाँहरू सबैलाई संस्कृति विभागका अधिकारी र कर्मचारीहरूले स्वागत जनाउनुभयो।

अध्यक्ष, चियरपर्सन र चियरमेनले संस्कृति विभागमा रहेर सिक्किमे जनताको सेवा गर्ने अवसर प्रदान गरेको मुख्यमन्त्री श्री प्रेमसिंह तामाङप्रति कृतज्ञता प्रकट गर्नुभयो। उहाँहरू विभागका अधिकारीहरूसित समन्वय बनाएर सिक्किमे जनताको कल्याणमा सकारात्मक योगदान पुऱ्याउने प्रतिबद्धता जाहेर गरेको संस्कृति विभागका संयुक्त निदेशकद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।







### राष्ट्रिय शिक्षा...

र नियामक संरचना हो र यसबाट उच्च शिक्षा आर्जन गर्ने सिक्किमका विद्यार्थीहरू निकै लाभान्वित हुनेछन्। नयाँ शिक्षा नीति कार्यान्वयनले भारतको शिक्षा क्षेत्र प्रभावकारी हुनेछ र यो सकारातमक कदम पनि हो। राज्यपालले राज्यको शिक्षा विभागलाई कुनै सहयोगको आवश्यकता रहेको खण्डमा केन्द्र सरकारलाई अवगत गराउन आग्रह गर्नुभयो। उहाँले राज्यमा गुणस्तरीय शिक्षाका लागि आफ्नो पक्षबाट सहयोग र मार्गनिर्देशन दिने आश्वासन दिनुभयो। शैक्षिक संस्थानमा नयाँ एनईपीको भूमिकामाथि जोड दिनुहुँदै राष्ट्रिय शिक्षा नीति कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो, नयाँ शिक्षा नीति २०२०–ले हाम्रो शिक्षण प्रक्रियामा आमूल परिवर्तन ल्याउनेछ र विद्यार्थी सर्वाङगीण हुनेछ। नयाँ नीतिमा विद्यालयको समग्र विकासमाथि बढी केन्द्रित गर्दै विद्यालयहरु र उच्च शिक्षामा समग्र र समावेशी परिवर्तन आउनेछ। हाम्रा विद्यार्थीहरूलाई अन्वेषण गर्न थप अवसरहरू नयाँ शिक्षा नीतिले नयाँ भारतको निर्माणमा अभूतपूर्व भूमिका खेल्ने पनि बताउनुभयो।

शिक्षामन्त्रीले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न राज्य सरकारले लागू गरेका विभिन्न नीति र पहलहरूमाथि जोड दिनुभयो। शिक्षा विभागका अतिरिक्त मुख्य सचिव,विभिन्न विश्वविद्यालयका उपकुलपतिले अध्यापनको शिक्षामा प्रगतिबारे राज्यपाललाई अवगत गराउनुभयो। उनीहरूले आ–आफ्ना विचार र सुझाउ पनि राख्नुभयो।

# शिक्षक दिवस सामान्य रुपमा पालन



कोभिड–१९ को रोकथामको निम्ति पालन गर्नुपर्ने दिशानिर्देशनहरुलाई ध्यानमा राख्दै यस वर्ष शिक्षक सामान्य रुपमा पालन गरियो। शिक्षक दिवसको अवसरमा शिक्षा विभागको सम्मेलन कक्षमा आयोजित कार्यक्रममा शिक्षा विभाग मन्त्री श्री के.एन.लेप्चा, शिक्षा विभागका सल्लाहकार श्री एम.पी.सुब्बा, अतिरिक्त मुख्य सचिव श्री जी.पी.उपाध्याय, विभागीय सचिव श्री अनिलराज राई साथै निर्देशक र अतिरिक्त निर्देशकहरुको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा उपस्थित सबैलाई स्वागत जनाउँनुहुँदै अतिरिक्त मुख्य सचिव श्री जी.पी.उपाध्यायले शिक्षा दिवसको महत्वबारे प्रकाश पार्नुभयो। हजारौं विद्यार्थीहरुको भविष्य निर्माणमा शिक्षकहरुको भूमिका अतुलनीय रहेको छ भन्नुभयो। भारतमा यस वर्ष शिक्षक दिवस पुरस्कारद्वारा पुरस्कृत ४५ जना शिक्षकहरुमा सिक्किमका पनि २ जना शिक्षक सामेल रहेको अवगत गराउँनुहुँदै दिल्लीबाट प्रमाण पत्र र मेडल पठाइसकेको छ र अब चाँडै नै एउटा कार्यक्रम आयोजना गरी दुवै शिक्षकलाई सम्मान जनाउने छ भन्नुभयो। उहाँले सरकारले यसवर्ष ८ जना शिक्षकहरुलाई राज्य शिक्षक पुरस्कार प्रदान गरेको साथै १५ जना शिक्षकहरुलाई प्रशसंनीय पुरस्कार प्रदान गरेको जानकारी दिनुहुँदै पुरस्कृत सबै शिक्षकहरुलाई लगनशील कार्य अनि उनीहरुको उपलब्धिको निम्ति बधाई पनि दिनुभयो।

शिक्षक दिवस कार्यक्रमा शिक्षा विभागका सल्लाहकार श्री एम.पी.सुब्बाले डा.राधाकृष्णनको आदर्शलाई हामी सबैले आफ्नो जीवनमा उतार्नु आवश्यक रहेको छ अनि विशेष गरी वरिष्ठ अधिकारीवर्गले डा.राधाकृषणको जीवनदर्शनलाई व्यवहारिक जीवनमा उतार्नु अति आवश्यक रहेको छ भन्नुभयो। उहाँले शिक्षकहरुले गरेको त्याग अनि लगनशील कार्यहरुलाई हामीले समयमा नै मान्यता दिएको छौं कि छैनौ भन्ने कुरा सुनिश्चित गर्नुपर्ने सुझाउ पनि दिनुभयो। हामीले यी कारकतत्वहरुलाई बुझेर शिक्षकहरु कार्यको सही मूल्याङ्कन गर्न आवश्यक रहेको छ, शिक्षण पेशालाई अझ सम्मानित गर्नुपर्नेछ भन्नुभयो।
उक्त कार्यक्रम शिक्षा विभाग मन्त्री श्री.के.एन.लेप्चाले कोभिड–१९ को कारण दिशानिर्देशनको अनुपालन गर्नेपर्ने हुँदा सानो तर सुनियोजित ढङ्गमा शिक्षक दिवस कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले शिक्षकहरुप्रति सम्मान व्यवहारले उनीहरुलाई विद्यार्थीहरुको भविष्य निर्माणमा प्रेरित गर्दछ। शिक्षकहरु ज्ञानको मुख्य स्रोत हो, शिक्षकहरुलाई सम्मान गर्नु आवश्यक रहेको छ भन्नुभयो। शिक्षा क्षेत्रको विकास योजना तयार गर्दा शिक्षकहरुको सुझाउलाई समाहित गर्न आवश्यक रहेको छ भन्नुभयो। कोभिड महामारीको कारणले शिक्षा क्षेत्रमा परेको व्यापक प्रभावको उल्लेख गर्नुँहुँदै लकडाउनको समयमा पनि शिक्षकहरुले गरेको उदाहरणीय कार्यको सराहना गर्नुभयो। उहाँले राज्य पुरस्कार अनि प्रशंसनीय पुरस्कारप्राप्त सबै शिक्षकहरुलाई बधाई दिनुहुँदै उनीहरुले पुऱ्याएको योग्दानले नै शिक्षा क्षेत्रको विकास सम्भव भएको हो भन्नुभयो।

# नयाँ शिक्षा नीति २०2०–माथि परामर्श सम्पन्न

९ सितम्बरः राज्य शैक्षिक अनुसन्धान एवं प्रशीक्षण परिषद्वारा नयाँ राष्ट्रिय शिक्षा नीति २०२०–को कार्यान्वयनमाथि परिषद्को भवनमा पहिलो राज्यस्तरीय चर्चा एवं परामर्श सभा आयोजन गरियो। शिक्षा विभागका सल्लाहकार श्री एमपी सुब्बाको अध्यक्षतामा सम्पन्न चर्चा–परिचर्चा सत्रमा शिक्षा विभागका अतिरिक्त मुख्य सचिव श्री जीपी उपाध्याय तथा श्री अनिलराज राई उपस्थित हुनुहुन्थ्यो।

श्री उपाध्यायले नयाँ राष्ट्रिय शिक्षा नीतिको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले यस नीतिको दस्तावेजमाथि राष्ट्रपति, प्रधानमन्त्री, राज्यपालहरू तथा मुख्यमन्त्रीहरूको सहभागितामा राष्ट्रव्यापी रूपमा व्यापक्ताका साथ चर्चा गरिएको कुरा साझा गर्नुभयो। उहाँले भन्नुभयो, यो नीतिमाथि सबै वर्गको समाजका मानिसहरूको संलग्नताका साथ निम्नस्तरदेखि नै योजना बनाइएको छ। शिक्षा विभागको राज्य परिषद्का निर्देशक डा. रबिन छेत्रीले नीति दस्तावेजको प्रारूप अनि विस्तृत सर्वेक्षणमाथि विस्तार पूर्वक बताउनुभयो। आफ्नो प्रस्तुतिमा उहाँले नीतिमा व्यापक सुधारको समर्थमाथि कुरा गर्नुभयो।

श्री सुब्बाले नीति अनि यसको कार्यान्वयनको दुरगामी प्रभावको बारेमा आफ्नो विचार, अनुभव र चिन्ता साझा गर्दै, जुन सबै हितधारकहरूको प्राथमिकता हुनुपर्नेछ भन्नुभयो।

शिक्षा नीतिको कार्यान्वयनका निम्ति समिति अनि उपसमिति गठन गरियो।मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गान्तोक अनि यस वरपरका स्थानहरू दिगो विकास लक्ष्य एसडीजी २५ प्रस ५ शहरहरूको सूचिमा सामेल भएको जानकारी गराउनुभयो। एसडीजी–को लक्ष्य २०२५–सम्ममा पूरा गरिनुपर्नेछ। यो संयुक्त राष्ट्र वैश्विक स्थिरता सूचकाङ्क संस्थानको साथमा संयुक्त राष्ट्र टिकाउ विकास समाधान नेटवर्क, संयुक्त राष्ट्र अन्तरराष्ट्रिय बाल आपातकालीन कोष, विश्व स्वास्थ्य संगठन तथा अन्य एसडीजी–सित संलग्न साझेदारहरूसित सम्बन्धित छ। मुख्यमन्त्री कार्यालयका सचिव श्री एसडी ढकालले भिडियो सम्मेलनको माध्यमबाट हिजो वैश्विक रूपमा सम्पन्न दोस्रो वार्षिक एसडीजी च्याम्पियनसिप सम्मेलनको उदघाटनीय सत्रलाई सम्बोधन गर्ने क्रममा गान्तोक शहरबारे अवगत गराउनुभयो।संयुक्त राष्ट्र वैश्विक स्थिरता सूचकाङ संस्थानका मुख्य कार्यकारी अधिकारी श्री रोलान्ड सट्जले सम्मेलनको मध्यस्थता गर्नुभएको थियो। मुख्यमन्त्रीले गान्तोक शहरलाई २५ प्लस ५ एसडीजी शहरहरूको सूचिमा समावेश गरेकोमा संस्थानप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

# विद्यालयहरुको पुनः सञ्चालनबारे मानक परिचालन प्रक्रिया जारी

यसै महिना एक्काईस तारिकदेखि स्वेच्छिक आधारमा कक्षा नौ देखि १२ –सम्म आंसिक रुपमा विद्यालयहरु खोल्नका निम्ति स्वास्थ्य मन्त्रालयले मानक परिचालन प्रक्रिया एसओपी जारी गरेको छ। दिशानिर्देशका केहि महत्वपूर्ण बुँदाहरुमा विद्यार्थीहरुमाझ खाता ,कलम अथवा पेन्सिल ,पानीको बोतल आदि आपसमा साटन नदिने, भीड गर्न र खेलमा प्रतिबन्ध ,अनलाइन अध्ययनमा प्रोत्साहन गर्ने ,लक्षण रहितहरुलाई प्रवेश नदिने आदि रहेको छन्।

एसओपी–मा भनिएको छ,यधपि विद्यार्थीका अभिभावकहरुको लिखित सहमति अथवा मार्गदर्शनको आवश्यकता पर्नेछ अनि अर्न्तक्रियाका निम्ति विद्यालय आउने शिक्षक तथा विद्यार्थीहरुले अध्ययन –अध्यापन अलग– अलग रहेर गरिनु पर्नेछ।

निदेर्शिका अनुसार ,चौकि,डेस्क आदि छह फिटमा राखेर बस्ने व्यवस्थ मिलाएको कुराको सुनिश्चित गर्नु पर्नेछ। शिक्षकहरुले आफू स्वयम अनि विद्यार्थीवर्गले कक्षाभरीअथवा अन्य गतिविधिको समयमा मास्क लगाएको कुराको सुनिश्चित गर्नु पर्नेछ।

विद्यालय परिसरमा क्याफेटेरिया अथवा खाजाको व्यवस्था भएका दोकानहरु भए बन्द राखिनु पर्नेछ।विद्यालय परिसर भित्र अनि बाहिर लाइनमा बस्नु पर्ने प्रबन्धको सुनिश्चित गर्न छह फिटको दुरिमा चीनु लगाइएको हुनु पर्नेछ।सोहिप्रकारले कमर्चारिहरुको कक्ष ,अधिकारीगण रहने स्थानसहित प्रवेश क्षेत्र तथा अन्य ठाँउमा शारीरिक दुरी कायम गरिएको हुनुपर्नेछ।

निर्देशिकामा भनिएको छ मौसमले साथ दिएको खण्डमा विद्यार्थीवर्गको सुरक्षा साथै शारीरिक दूरी प्रोटोकललाई ध्यानमा राखेर विद्यालय भवनको बाहिर खुल्ला भागलाई शिक्षक –विद्यार्थीको अन्तरक्रियको निम्ति प्रयोग गर्न सकिनेछ।

पच्चास प्रतिसत सम्बन्धित शिक्षक तथा गैर शिक्षण कर्मचारीहरुलाई अनलाइन अध्यापन अथवा टेलि –काउन्सेलिङ तथा अन्य सम्बन्धित कार्यको निम्ति विद्यालयमा बेलाइने छ।

# गेजिङमा सिस्को ब्याङ्कको एटीएम उद्घाटन




सिस्को ब्याङ्कले पश्चिम जिल्ला गेजिङस्थित जिल्ला प्रशासनिक केन्द्रमा १५ औं एटीएम जडान गरिएको छ। पश्चिम जिल्लाको जिल्लापालको उपस्थितिमा ब्याङ्कका अध्यक्ष श्री डुप पिन्छो कालियोनले उक्त एटीएम मशिनको उद्धाटन गर्नुभयो। उक्त अवसरमा जिल्ला प्रशासनका अधिकारीगण, कर्मचारीगण साथै अन्य जनसाधारणको उपस्थिति रहेको थियो।—

— सरकारी अधिकारीहरू, कर्मचारीहरू र ब्याङ्कमा आउने जनसाधारणलाई उक्त एटीएम मशिन समर्पण गर्नुहुँदै सिस्को ब्याङ्कका अध्यक्षले राज्यका ब्याङ्किङ परिदृश्यमा सिस्को ब्याङ्कले निर्वाह गरेको महत्वपूर्ण भूमिकाबारे प्रकाश पार्नुभयो। सिस्को ब्याङ्क राज्यका एकमात्र अनुमतिप्राप्त ब्याङ्किङ संस्था भएकोले सिक्किमका प्रत्येक कुना कुनामा ब्याङ्किङ सेवा विस्तार गर्न प्रभावरी भूमिका निर्वाह गरेको छ भन्नुभयो। उहाँले ब्याङ्कले सेवा विस्तार गर्नको निम्ति अत्याधुनिक सुविधा अप्नाएर सिक्किमका मानिसहरूलाई डिजिटल सेवाहरू प्रदान गर्दै आएको कुरा बताउँनुहुँदै सबै सरकारी विभाग, अधिकारी र सर्वसाधारणलाई ब्याङ्कसँग जोड्न आग्रह गर्नुभयो। ब्याङ्कको सेवाले व्यक्ति, किसान, व्यापारी, उद्यमी, स्व–सहायता समूह र समाजको सबै वर्गहरूको आवश्यकताहरू पूरा गर्दछ भन्नुभयो।

ब्याङ्कले आगामी दिनमा आफ्नो अन्य सेवाहरु विस्तार गर्ने योजना बनाएको छ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पश्चिम जिल्लाका जिल्लापालले ब्याङ्कले राज्यको कृषि र सहयोगी क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेबापत ब्याङ्क सेवाको प्रशंसा गर्नुहुँदै सबै सरकारी विभागहरुलाई ब्याङ्कलाई सहयोग गर्ने आग्रह गर्नुभयो।।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 11.09. 2020